जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्या:२०८३/०८४
च.नं.

मिति:२०८३।०४।०५

## प्रेस विज्ञप्ति

केही दिन अगाडी यस जयपृथ्वी नगरपालिका कार्यालयसँग सम्बन्धित विषयमा Saipalkhabar.com, News 7 TV nepal लगायत बिभिन्न समाजिक सञ्जाल तथा सञ्चार माध्यमहरुमा बझाङको जयपृथ्वी नगरपालिकाले असार २५ गतेको रातिको समयमा ३५ जना कर्मचारीको नाममा मिड नाईट पेमेन्ट शीर्षक राखी दश लाख रुपैया भत्ता स्वरुप हतारहतार भुक्तानी गरी आर्थिक अनियमितता गरेको भनी सम्प्रेषण गरिएको भ्रामक, कपोकल्पित र तथ्यहिन समाचारप्रति जयपृथ्वी नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

समाचारमा दाबी गरिएको जस्तो यो कुनै अपारदर्शी वा नियमविपरित वितरण गरिएको भत्ता नभई कार्यालयका कर्मचारीहरुले आर्थिक वर्षभरी बिभिन्न सरकारी कागजात, अनुगमन तथा फिल्ड कार्यका सिलसिलामा कानून सम्मत ढंगले सम्पादन गरेका कार्यहरुको स्वीकृत दैनिक भ्रमण आदेश, भ्रमण बिल र आवश्यक कागजातका आधारमा नियमित र वैधानिक भुक्तानि हो । आर्थिक वर्षको अन्तिम दिनहरुमा नेपाल सरकारको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा देशभरीकै अत्याधिक चापका कारण प्रणाली अत्यन्तै ढिलो चल्ने र सोही प्राविधिक अवरोधका कारण ३५ जना कर्मचारीको छुट्टा छुट्टै भौचर प्रविष्टि गरी बैंक पठाई भुक्तानी गर्न प्रणालीबाट प्राविधकरुपमा असम्भव हुन गएको थियो ।

आर्थिक वर्ष समाप्त हुन लागेको प्राविधिक बाध्यात्मक परिस्थितिका कारण ३५ जना कर्मचारीहरुको कुल स्वीकृत भ्रमण भत्ता रकम नियम सम्वतरुपमा यसै कार्यालयका सूचना अधिकारी सुमन बोगटीको बैंक खातामा एकमुष्ट निकासा गरिएको साँचो हो । उक्त रकम खातामा प्राप्त हुनासाथ सूचना अधिकारी सुमन बोगटीको खाताबाट सम्बन्धित ३४ जना कर्मचारीहरुको व्यक्तिगत बैंक खातामा स्थान्तरण भई फछ्यौंट भई सकेको छ । उक्त सम्पूर्ण कारोवार कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणाली (TSA) र बैङ्किङ च्यानलमार्फत डिजिटल माध्यमबाट भएको हुँदा यसमा कुनैपनि किसिमले नगद दुरुपयोग नभएको र प्रत्येक कर्मचारीले पाएको रकमको कानूनी स्रेस्ता सुरक्षित रहेको बेहोरा स्पष्ट पारिन्छ ।

उल्लेखित विषयका सम्वन्धमा जयपृथ्वी नगरपालिकाको मिति २०८३।०४।०१ गतेको सार्वजनिक सुनुवाईमा समेत स्पष्ट पारिएको थियो। अत: प्राविधिक वाध्यता र प्रणालीको ढिलाईलाई आर्थिक अनियमितताको रुपमा बदनियत पूर्वक ब्याख्या गरी फैलाइएका यस्ता अफवाहहरुको भ्रममा नपर्नको लागि सम्पूर्ण आदरणीय नगरवासी, सञ्चारकर्मी तथा नागरिक समाजमा हार्दिक अनुरोध गर्दछौं । साथै आगामी दिनमा यस्ता सम्वेदनसील र प्राविधिक विषयहरुमा समाचार सम्प्रेषण गर्नुपूर्व कार्यालयको आधिकारिक स्रोतबाट सत्यतथ्य बुझेर मात्र जिम्मेवार पत्रकारिता गरिदिनहुन समेत अनुरोध गर्दछौं ।

०८३/०४/०५

निमित्त प्रमुख प्रशासकीय अधिकृत


092-421064 jpmunicipality2014@gmail.com www.jayaprithvimun.gov.np Toll free no: 1810500009


नि. प्रमुख प्रशासकीय अधिकृत


Scanned with CamScanner